काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ४१ ❐ बिहीवार, १९ कात्तिक, २०८३ ❐ Thursday, 5 Nov 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सुर्खेत सभाहल:

विवाद सुल्झिएपछि दोस्रो चरणको कामले लियो गति

❐ चाँदनी कठायत

सुर्खेत, १८ कात्तिक

कर्णाली प्रदेशमै राष्ट्रिय तथा प्रादेशिक स्तरका ठूला सभा, सम्मेलन, र सांस्कृतिक कार्यक्रमहरू व्यवस्थित रुपमा सञ्चालन गर्ने उदेश्यले आर्थिक वर्ष २०७३/०७४ मा वीरेन्द्रनगरमा सभाहल निर्माणको काम सुरु भयो । निर्माणका लागि संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतले सभाहलको पहिलो चरणको कामका लागि समानान्तर-चक्रेश्वरी-शिवशक्ति जेभीसँग २० करोड ५४ लाख ८६ हजार ७८१ रुपैयाँमा सम्झौता गऱ्यो ।

उक्त कम्पनीले २०७६ चैतभित्र काम सक्नुपर्ने थियो । तर निर्धारित समयमा काम नसकिएपछि म्याद थप गरी २०७८ भदौ २३ गते पहिलो चरणको काम सम्पन्न भयो । मुख्य भवनसहित पहिलो चरणको संरचना तयार भएपछि २०७८ पुस २२ गते तत्कालीन सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले वीरेन्द्रनगर नगरपालिकालाई हस्तान्तरण गरिन् । पहिलो चरणका संरचना हस्तान्तरण भएपछि तिनको संरक्षण तथा रेखदेख नगरपालिकाले गर्दै आएको छ ।

त्यसयता विभिन्न उल्झनका कारण रोकिएको दोस्रो चरणको काम अघि बढ्न सकेन । अन्ततः निर्माण सुरु भएको झन्डै नौ वर्षपछि वीरेन्द्रनगरस्थित सुर्खेत सिटी हल पूर्ण सञ्चालनको चरणमा पुगेको छ । लामो समयदेखि निर्माण, ठेक्का विवाद र भुक्तानीसम्बन्धी कानुनी उल्झनका कारण अल्झिएको सिटी हलको दोस्रो चरणमा बाँकी रहेका काम अहिले अघि बढाइएको छ ।

मुख्य सभाहलमा कुर्सी जडान, मिनी हललाई सुविधासम्पन्न बनाउने र विद्युत् अवरुद्ध हुँदा पनि कार्यक्रम सञ्चालन गर्न सक्ने गरी जेनेरेटर जडानको तयारी भइरहेको संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतका इन्जिनियर टिकाराम पोखेलले जानकारी दिए ।

दोस्रो चरणमा बाँकी रहेका काम सम्पन्न गर्न आरआर कन्स्ट्रक्सन, वीरेन्द्रनगर सुर्खेतसँग २०८२ असार १ गते ७३ लाख १४ हजार ५०४ रुपैयाँमा सम्झौता गरिएको छ । लागतको उक्त ठेक्काअन्तर्गत मुख्य सभाहलमा कुर्सी जडानलगायत बाँकी निर्माण तथा सजावटका काम गर्नुपर्ने छ । सम्झौताअनुसार २०८२ चैत ३० गतेसम्म काम सक्नुपर्ने भए पनि निर्धारित समयभित्र सम्पन्न हुन नसकेपछि ठेक्काको म्याद थप गरी २०८३ पुस मसान्तसम्म पुऱ्याइएको छ । 'अब कुर्सी जडानको काम छ,' उनले भने, 'पुस मसान्तसम्म यो काम सकिन्छ र अरु काम सुरु हुन्छ ।'

इन्जिनियर पोखेलका अनुसार मुख्य सभाहलमा करिब सात सय वटा कुर्सी जडान गर्ने काम अघि बढाइएको छ ।

'चीनबाट ल्याउनुपर्ने कुर्सी ढुवानीका क्रममा विभिन्न युद्धका कारण बन्दरगाह बन्द हुँदा ढिलाइ भएको हो, उनले भने ।'

सञ्चालनका लागि नगरपालिकाले कार्यविधि बनाउने

सिटी हल सञ्चालनमा आएपछि त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा पनि छलफल भइरहेको छ । सम्पन्न भएपछि मात्रै सञ्चालन तथा व्यवस्थापनको मोडेल तय गर्ने जनाएको छ । वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालका अनुसार पहिलो चरणका संरचना मात्रै नगरपालिकालाई हस्तान्तरण भएकाले दोस्रो चरणको काम पूरा भएपछि आवश्यक कार्यविधि बनाएर सञ्चालनको व्यवस्था मिलाइने छ ।

'कामहरु सकिएपछि हामी कार्यविधि बनाएर अघि बढ्छौं,' उनले भनिन, 'काम त सकिन दिउँ न अनि अरु छलफल र योजना बन्लान् ।'

संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतका इन्जिनियर रामकृष्ण आचार्यले ठूलो क्षमताको सभाहल नियमित रुपमा सञ्चालन र व्यवस्थापन गर्न निजी क्षेत्रलाई प्रतिस्पर्धाका आधारमा जिम्मेवारी दिनु उपयुक्त हुन सक्ने बताउँछन् । बाँकी पृष्ठ ४



दोस्रो चरणको काममा के थियो विवाद ?

पहिलो चरणको काम सम्पन्न भए पनि दोस्रो चरणको निर्माण भने लामो समयसम्म विवादमा अल्झियो । दोस्रो चरणको कामका लागि मजदुर पीएस जेभीसँग ४ करोड १३ लाख ६७ हजार ९०८ रुपैयाँमा सम्झौता गरिएको थियो ।

निर्धारित समयमा काम सम्पन्न नभएपछि निर्माण कम्पनीसँगको ठेक्का तोडिएको थियो । उक्त कम्पनीले करिब ५५ प्रतिशत काम सम्पन्न गरेको र बाँकी ४५ प्रतिशत काम अधुरै रहेको विवरण सार्वजनिक भएको थियो । निर्माण कम्पनीले पेस गरेका कागजातमाथि पनि प्रश्न उठेपछि ठेक्का प्रक्रियासँग सम्बन्धित विवाद थप चर्कियो । कामको मूल्यांकन र भुक्तानीसम्बन्धी विवाद अदालतसम्म पुगेपछि बाँकी काम अघि बढाउन ढिलाइ भएको थियो । सर्वोच्च अदालतको अन्तरिम आदेशपछि सम्पन्न भएको कामको मूल्यांकनका आधारमा भुक्तानी गर्ने र बाँकी कामका लागि पुनः ठेक्का प्रक्रिया अघि बढाउने बाटो खुलेको हो । पुरानो ठेक्का २०८० चैत २० गते अन्त्य गरिएपछि बाँकी कामका लागि नयाँ प्रक्रिया अघि बढाइएको हो ।

कार्यालयले पहिलो चरणको काममा २६ करोड ७१ लाख ६१ हजार ४६६ रुपैयाँ भुक्तानी भएको गरेको छ । उक्त चरणको सम्झौता रकम २० करोड ५४ लाख ८६ हजार ७८१ रुपैयाँ थियो । त्यस्तै, दोस्रो चरणको पुरानो ठेक्काअन्तर्गत ४ करोड ३१ लाख ५६ हजार ५६१ रुपैयाँ भुक्तानी भएको इन्जिनियर रामकृष्ण आचार्यले जानकारी दिए । उनका अनुसार दोस्रो चरणको काम गरिरहेको आरआर कन्स्ट्रक्सनलाई हालसम्म ११ लाख ५१ हजार ६६८ रुपैयाँ भुक्तानी दिइएको छ । यी भुक्तानी रकम मूल्य अभिवृद्धि करसहितका हुन् ।

मिनी हललाई सुविधासम्पन्न बनाइँदै, जेनेरेटर पनि राखिने

मुख्य सभाहलको भौतिक क्षमता ७ सय ८० सिटको भए पनि अहिले करिब ७०० वटा कुर्सी जडान गर्ने तयारी छ । यससँगै सिटी हलभित्र रहेका तीनवटा मिनी हलमध्ये एउटालाई थप सुविधासम्पन्न बनाउने तयारी गरिएको पोखेरेलले जानकारी दिए । उनका अनुसार उक्त मिनी हललाई करिब १०० देखि १५० जनासम्म सहभागी हुने कार्यक्रम सञ्चालन गर्न मिल्ने गरी आवश्यक फर्निचर तथा अन्य सामग्रीको व्यवस्था गरिनेछ । त्यसका लागि करिब १५ दिनअघि बोलपत्र आह्वान भइसकेको छ । बोलपत्र प्रक्रिया पूरा भएपछि काम अघि बढाइनेछ ।

त्यस्तै, विद्युत् अवरुद्ध हुँदा कार्यक्रम सञ्चालनमा समस्या नहोस् भनेर जेनेरेटर जडान गर्ने तयारी पनि भइरहेको छ । सिटी हलमा ठूला सभा, सम्मेलन तथा अन्य कार्यक्रम सञ्चालन गर्दा विद्युत् आपूर्तिमा समस्या आए कार्यक्रम प्रभावित हुन सक्ने भएकाले जेनेरेटरको व्यवस्था गर्न लागिएको पोखरेलले बताए । यस वर्षभित्रै यी काम अघि बढाउने कार्यालयको तयारी रहेको उनको भनाइ छ ।

डेढ वर्ष पदावधि बाँकी छँदै आईजीपी कार्की बर्खास्त

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ कात्तिक

सरकारले नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीलाई पदबाट हटाएर मनोजकुमार केसीलाई नयाँ प्रहरी महानिरीक्षक नियुक्त गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई हटाउँदै केसीलाई प्रहरी संगठनको नेतृत्व सुम्पिने निर्णय गरेको हो ।

कार्कीलाई नियुक्त भएको एक वर्ष पनि नपुग्दै पदबाट हटाइएको छ । उनी २०८२ कात्तिकमा नेपाल प्रहरीको ३३औं महानिरीक्षक नियुक्त भएका थिए ।

उनको पदावधि र सेवा अवधिको हिसाबले अझै एक वर्ष ५ महिना समय बाँकी थियो । सरकारले उनलाई बीच कार्यकालमै हटाएर केसीलाई नयाँ आईजीपी नियुक्त गरेपछि प्रहरी नेतृत्व परिवर्तनको निर्णय कानुनी र राजनीतिक दुवै कोणबाट विवादमा पर्ने देखिएको छ ।



सरकारले आईजीपी नियुक्त गर्न पाउने अधिकार राखे पनि पदावधि बाँकी रहँदै बहालवाला आईजीपीलाई हटाउन पाउने अधिकार कति छ भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । प्रहरी ऐन २०१२ र प्रहरी नियमावली २०७१ का व्यवस्थाले यस विषयमा केही कानुनी प्रश्न खडा गरेका छन् ।

प्रहरी ऐन, २०१२ को दफा ९ को उपदफा (२) मा प्रहरी कर्मचारी नेपाल सरकारको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने व्यवस्था छ । यो व्यवस्थालाई आधार मानेर सरकारले प्रहरी प्रमुखलाई पदबाट हटाउन सक्ने तर्क गर्नसक्छ । प्रहरी महानिरीक्षकको नियुक्ति तथा बढुवासम्बन्धी अधिकार पनि नेपाल सरकारसँगै छ ।

सरकारविरुद्ध आक्रामक बन्यो कांग्रेस



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ कात्तिक

नेपाली कांग्रेसले सरकारका पछिल्ला विवादित घटनाबारे ६ बुँदे धारणा सार्वजनिक गरेको छ । बुधवार बसेको शीर्ष नेताहरूको बैठकपछि महामन्त्री प्रदीप पौडेलले पार्टीको तर्फबाट धारणा सार्वजनिक गरेका हुन् । कांग्रेसले पार्टीको आधिकारिकताको विषयमा जोडेर गरेको प्रचार षडयन्त्र र सुनियोजित हत्कण्डा भएको भन्दै खारेज गरेको छ । राज्य संयन्त्रलाई दुरुपयोग गरी अनधिकृत एवं गैरकानुनी कार्य गर्नेमाथि स्वतन्त्र, निष्पक्ष, विधिसम्मत र विश्वसनीय अनुसन्धानका लागि माग समेत गरेको छ । पछिल्ला दिनमा सरकार पूर्णतः स्वेच्छाचारी र निरङ्कुश बन्दै असंवैधानिक कदमविरुद्ध उठ्ने नागरिक र प्रतिपक्षका आवाज थुन्न उद्धत भएको निष्कर्ष निकालेको छ ।

नयाँ आइजीपीलाई फुली लगाइदिँदै गृहमन्त्रीले दिए यस्तो निर्देशन

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १८ कात्तिक

गृहमन्त्री सुदन गुरुङले नेपाल प्रहरीलाई नागरिकमैत्री व्यवहार गर्न र नागरिकसितको दूरी घटाउन निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा आयोजित नवनियुक्त ३४औं प्रहरी महानिरीक्षक (आईजीपी) को दर्ज्यानी चिन्ह सुशोभन समारोहमा बोल्दै गृहमन्त्री गुरुङले नयाँ नेतृत्वलाई सो निर्देशन दिएका हुन् ।

प्रहरी र नागरिकबीच विगतदेखि नै केही दूरी रहेको आफूले महसुस गरेको बताउँदै गृहमन्त्री गुरुङले त्यसलाई चिर्नुपर्नेमा जोड दिए । 'नागरिकसँग कसरी नजिक हुनुपर्छ र कसरी दूरी कम हुँदै गएको अनुभूति आफूले गरेको भन्दै उनले प्रहरी कर्मचारीहरूलाई धन्यवाद समेत दिए ।



हामीले उहाँहरूप्रति एकदमै सम्मानजनक व्यवहार गर्न सक्छौं, त्यसमा आईजीपी साबको नेतृत्वमा काम होस् भन्ने म चाहन्छु,' गृहमन्त्रीले भने, 'नागरिक र प्रहरीबीच मैले जहिले पनि एउटा ग्याप फिल गरिरहेको छु । मेरो विचारमा अबका दिनमा त्यो ग्याप हुँदैन ।'यद्यपि, पछिल्लो समय प्रहरी र नागरिकबीचको दूरी कम हुँदै गएको अनुभूति आफूले गरेको भन्दै उनले प्रहरी कर्मचारीहरूलाई धन्यवाद समेत दिए ।

गृहमन्त्री गुरुङले शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन र नागरिक सेवाका क्षेत्रमा प्रभावकारी रूपमा काम गर्न आईजीपीलाई निर्देशन दिएका छन् ।

सम्पादकीय


शिशु मृत्यु रोक्न आमाको स्वास्थ्यमा ध्यान दिऔं

बालबालिकाको सुरक्षित जन्म र स्वस्थ जीवन सुनिश्चित गर्नु राज्यको आधारभूत दायित्व हो । तर कर्णालीमा शिशु मृत्युको अवस्था हेर्दा मातृ तथा बाल स्वास्थ्य सुधारका प्रयास अझै पर्याप्त हुन सकेका छैनन् । स्वास्थ्य सेवा निर्देशनालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७१/७२ देखि २०८२/८३ सम्म कर्णालीमा २ हजार २०५ शिशुको मृत्यु भएको छ । पछिल्ला वर्षमा घट्दै गएको शिशु मृत्युको संख्या पुनः बढ्नु चिन्ताको विषय हो । आव २०८१/८२ मा ९९ रहेको शिशु मृत्युको संख्या २०८२/८३ मा बढेर १७६ पुगेको छ । यसले स्वास्थ्य क्षेत्रमा भएका लगानी र कार्यक्रमको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

शिशु मृत्युका पछाडि केवल स्वास्थ्य संस्थाको पहुँच नहुनु मात्र कारण होइन । कम उमेरमा विवाह र गर्भधारण, आमाको कमजोर पोषण अवस्था, गर्भावस्थामा नियमित स्वास्थ्य परीक्षण नहुनु, समयमै प्रसूति सेवा नपाउनु र दुर्गम क्षेत्रमा दक्ष स्वास्थ्यकर्मी तथा आवश्यक उपकरणको अभाव पनि उत्तिकै जिम्मेवार छन् । प्रसव व्यथा लागेपछि पनि समयमै अस्पताल पुग्न नसक्दा आमा र शिशु दुवैको ज्यान जोखिममा पर्ने गरेका घटना सार्वजनिक भइरहेका छन् । कतिपय अवस्थामा अन्धविश्वास र सामाजिक विभेदले पनि उपचारमा ढिलाइ गराउने गरेको छ ।कर्णालीमा पोषण सुधारका लागि संघ र प्रदेश सरकारले वर्षौंदेखि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् । करोडौं रूपैयाँ खर्च भएको छ । पोषणयुक्त आहार वितरणदेखि कुपोषण न्यूनीकरणका कार्यक्रम लागू गरिएका छन् । तर लगानीअनुसार उपलब्धि हासिल हुन नसकेको तथ्यांकले देखाउँछ । बालबालिकाको पोषण सुधार गर्न आमाको स्वास्थ्यलाई प्राथमिकतामा नराखेसम्म अपेक्षित परिणाम प्राप्त हुन सक्दैन । गर्भवती महिलाले पर्याप्त पोषण, नियमित स्वास्थ्य परीक्षण र सुरक्षित प्रसूति सेवा पाउनु आवश्यक छ ।

त्यसैले शिशु मृत्यु घटाउने कार्यक्रमलाई तथ्यांक र वास्तविक आवश्यकताका आधारमा पुनरावलोकन गर्नुपर्छ । दुर्गम बस्तीमा प्रसूति सेवा विस्तार, स्वास्थ्य संस्थामा दक्ष जनशक्ति र उपकरणको व्यवस्था तथा जटिल अवस्थाका गर्भवतीलाई तत्काल अस्पताल पुऱ्याउने प्रभावकारी प्रणाली विकास गर्नुपर्छ । बालविवाह न्यूनीकरण, किशोरीको पोषण र स्वास्थ्य शिक्षामा पनि उत्तिकै ध्यान दिन आवश्यक छ । शिशु मृत्युको संख्या घटाउनु केवल स्वास्थ्य क्षेत्रको लक्ष्य होइन, समग्र सामाजिक विकासको सूचक पनि हो । राज्यले बजेट खर्च भएको विवरण देखाएर मात्र आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु हुँदैन । प्रत्येक गर्भवती महिला र नवजात शिशुले सुरक्षित स्वास्थ्य सेवा पाउने अवस्था निर्माण गर्नुपर्छ । जन्मनुअघि नै जोखिममा पर्ने र जन्मिएपछि उपचार अभावमा ज्यान गुमाउने अवस्थाको अन्त्य गरेर आमा र शिशु जोगाउनका लागि सरकारले ठोस कार्यक्रम ल्याउन जरूरी छ ।

चुनावी नतिजा स्वीकार गर्दै डेमोक्र्याटसँग मिलेर काम गर्न तयार छु- ट्रम्प



काँक्रेविहार संवाददाता

काठमाडौं, १८, कार्त्तिक

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चुनावी नतिजा स्वीकार गर्न आफू तयार रहेको बताएका छन् । अमेरिकी अखबार द न्युयोर्क टाइम्ससँग कुराकानी गर्दै ट्रम्पले चुनावी परिणाम जे आए पनि स्वीकार गर्न आफू तयार रहेको उनले बताएका हुन् । 'म यी नतिजा स्वीकार गर्न पूर्ण रूपमा तयार छु,' उनले न्यूयोर्क टाइम्ससँग भनेका छन्, 'हामी डेमोक्र्याटसँग मिलेर काम गर्नेछौं । उनीहरूसँग काम गर्न पाउँदा खुसी हुनेछौं । सम्भवतः हामी कुनै सहमति निकाल्नेछौं ।'

अमेरिकी मध्यावधि निर्वाचनमा आफ्नै पार्टी रिपब्लिकनले महत्त्वपूर्ण राज्यहरूमा हार बेहोर्दै सिनेटको नियन्त्रणसमेत गुमाएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले चुनावी नतिजा स्वीकार्ने बताएका हुन् । चुनाव हारे ट्रम्पले नतिजा अस्वीकार गर्न सक्ने वा चुनावी प्रक्रियामाथि प्रश्न उठाउन सक्ने आशंका थियो ।

सांस्कृतिक क्रान्तिबिनाको राजनीतिक परिवर्तनले समाज बदल्दैन, शासक मात्र बदल्छ !



✍ पुष्प वादी "वसन्त"
नगर प्रमुख
चौरजहारी न.पा रुकुम पश्चिम

राजनीतिक क्रान्तिसँगै सांस्कृतिक क्रान्ति किन अनिवार्य छ ?

कहिलेकाहीं इतिहासका पानाहरू पल्टाउँदा मनमा एउटा गहिरो प्रश्न उठ्छ , हामीले यति ठूलो संघर्ष कसका लागि गर्‍यौं ? कसका रगत, पसिना र आँसुबाट परिवर्तनको जग बसाल्यौं ? अनि आज त्यही परिवर्तनको सपना देखेका मानिसहरू किन फेरि निराशाको अँध्यारोमा उभिएका छन् ? हिजो हामीसँग सपना थियो । अन्यायविरुद्ध विद्रोह गर्ने साहस थियो । शोषितहरूको मुक्तिको संकल्प थियो । गाउँका गरिब किसान, खेतमा पसिना बगाउने मजदुर, जातीय अपमान सहेर बाँचेका दलित, पितृसत्तासँग जुधिरहेका महिला, पहिचान र अधिकार खोजिरहेका जनजाति, मधेसी, मुस्लिम र सीमान्तकृत समुदाय–सबैको आँखामा एउटा सुन्दर भविष्यको चित्र थियो ।

त्यो भविष्यमा मानिसको मूल्य उसको जातले होइन, उसको मानवताले निर्धारण गर्नेछ । श्रम गर्ने मानिस भोकै सुत्नुपर्ने छैन । महिलाले आफ्नो अस्तित्व प्रमाणित गर्नुपर्ने छैन। दलितले पानी छोएको निहुँमा अपमानित हुनुपर्ने छैन । गरिबको छोराछोरीले अवसरका लागि आफ्नो जन्म र वर्गसँग युद्ध गर्नुपर्ने छैन । राज्य केही शक्तिशाली व्यक्तिको पेवा नभई जनताको साझा सम्पत्ति बन्नेछ । यही सपना बोकेर मानिसहरू आन्दोलनमा होमिए । कसैले घर छोडे, कसैले परिवार गुमाए, कसैले जीवन नै बलिदान गरे । कति आमाका काख रित्तिए, कति सन्तान टुहुरा भए, कति परिवारको भविष्य संघर्षको आगोमा जलेर खरानी भयो ।

तर आज एउटा प्रश्नले छाती चिर्छ , जसको मुक्तिका लागि आन्दोलन उठ्यो, के आज उनीहरू नै परिवर्तनका वास्तविक हिस्सेदार बने ?

व्यवस्था बदलियो, तर मानिसको सोच किन बदलिएन ?

नेपालमा राणाशासनविरुद्ध संघर्ष भयो। पञ्चायती निरङ्कुशताविरुद्ध जनआन्दोलन भयो । राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भयो । माओवादी जनयुद्धले राज्यको पुरानो संरचना र सामाजिक उत्पीडनलाई चुनौती दियो । मधेस आन्दोलनले पहिचान र प्रतिनिधित्वको प्रश्नलाई राष्ट्रिय बहसमा ल्यायो । दलित आन्दोलनले हजारौं वर्षदेखि थोपरिएको जातीय दासत्वविरुद्ध विद्रोह गऱ्यो । महिला, जनजाति, थारू, मुस्लिम र अन्य सीमान्तकृत समुदायले आफ्नो अधिकारका लागि निरन्तर संघर्ष गरे । पछिल्ला युवा आन्दोलनहरूले भ्रष्टाचार, कुशासन र अवसरको असमानतामाथि प्रश्न उठाए । यी संघर्षले इतिहासमा महत्त्वपूर्ण परिवर्तन ल्याएका छन् । तर ती उपलब्धिको रक्षा गर्नु र तिनलाई जनताको जीवनमा स्थापित गर्नु आज पनि ठूलो चुनौती बनेको छ । किन संविधानमा समानता लेखिए पनि व्यवहारमा छुवाछूत बाँकी छ ? किन गणतन्त्रमा पनि गरिबको आवाज कमजोर छ ? किन समावेशिताको नारा लगाउने संरचनाभित्रै सीमित समूहको वर्चस्व कायम रहन्छ ? किन श्रम गर्ने मानिसले जीवनभर अभाव भोग्छ, तर श्रमको लाभमाथि नियन्त्रण गर्ने वर्ग झन् शक्तिशाली बन्छ ? किन परिवर्तनको नेतृत्व गरेका कतिपय मानिस पद र प्रतिष्ठाको उचाइमा पुग्दा आफू हिँडेर आएको धुलाम्मे बाटो बिर्सन्छन् ?

यी प्रश्न कुनै एउटा पार्टी, एउटा नेता वा एउटा आन्दोलनमाथिका आरोप मात्र होइनन् । यी हाम्रो समग्र राजनीतिक संस्कार, सामाजिक संरचना र परिवर्तनको अधुरोपनमाथिका प्रश्न हुन् । राजतन्त्रको अन्त्य हुनु ऐतिहासिक परिवर्तन हो, तर मानिसको मनभित्रको सामन्तवाद बाँकी रहनु परिवर्तनको अपूर्णता हो । संविधानमा समानता लेखिनु उपलब्धि हो, तर समाजमा समानता व्यवहारमा नदेखिनु हाम्रो सामूहिक असफलता हो ।

क्रान्तिको झन्डा बोक्ने हातमा पुरानै संस्कार कसरी पुग्यो ?

सबैभन्दा पीडादायी विडम्बना यही हो - हिजो पुरानो सत्ता ढाल्न सडकमा उत्रिएका कतिपय मानिस आज त्यही सत्ताको व्यवहार दोहोऱ्याउन थालेका छन् ।

हिजो जनताको सर्वोच्चताको कुरा गर्ने नेतृत्व आज जनताभन्दा माथि देखिन खोज्छ । हिजो वर्गीय शोषणविरुद्ध बोल्नेहरू आफैं सुविधा र पहुँचको घेरामा सीमित हुन सक्छन् । हिजो जातीय विभेदविरुद्ध आवाज उठाउने संगठनभित्रै दलितको आवाज कमजोर हुन सक्छ । हिजो महिला मुक्तिको नारा लगाउने संरचनामा महिलाले निर्णय गर्ने वास्तविक शक्ति नपाउन सक्छन् । हिजो सामूहिक नेतृत्वको वकालत गर्नेहरू आज व्यक्ति र गुटको स्वार्थमा आन्दोलनलाई विभाजित गर्न सक्छन् । यसको अर्थ सबै नेता, सबै संगठन वा सबै आन्दोलन असफल भए भन्ने होइन । यसको अर्थ परिवर्तनको घोषणा र परिवर्तनको अभ्यासबीच गहिरो दूरी पैदा हुन सक्छ भन्ने हो ।

आखिर किन यस्तो हुन्छ ?

किनकि पुरानो व्यवस्था ढाल्नु र पुरानो संस्कार बदल्नु एउटै कुरा होइन । पुरानो सत्तालाई विस्थापित गर्नु र सत्तालाई हेर्ने मानिसको दृष्टिकोण बदल्नु फरक कुरा हो । शोषकको कुर्सीमा नयाँ मानिस बस्दैमा शोषणको चरित्र स्वतः समाप्त हुँदैन । पुरानो रक्सीलाई नयाँ बोतलमा हालेर नयाँ स्वादको दाबी गर्न सकिँदैन। त्यसरी नै पुरानै अहङ्कार, पुरानै विभेद, पुरानै विशेषाधिकार र पुरानै शोषणलाई नयाँ नाराले छोपेर क्रान्तिको दाबी गर्न सकिँदैन । क्रान्तिको वास्तविक परीक्षा सत्तामा पुग्नुअघि लगाइएका नाराले होइन, सत्तामा पुगेपछि गरिएको व्यवहारले दिन्छ ।

दलितको आँसु नबुझ्ने क्रान्ति कसरी पूर्ण हुन्छ ?

एउटा दलित बालक विद्यालयमा विभेद सहन्छ । एउटा दलित परिवार सार्वजनिक धारामा पानी भर्न जाँदा अपमानित हुन्छ । एउटा अन्तरजातीय प्रेम गर्ने जोडी आफ्नो प्रेमभन्दा ठूलो बनाइएको जातीय पर्खालसँग लड्न बाध्य हुन्छ । एउटा दलित युवाले योग्यता हुँदाहुँदै पनि सामाजिक पूर्वाग्रहसँग संघर्ष गर्नुपर्छ। त्यही समाजमा समानताको भाषण हुन्छ । समावेशिताका दस्तावेज लेखिन्छन् । सामाजिक न्यायका नारा घन्किन्छन् ।

तर प्रश्न उही रहन्छ – ती नाराले दलितको जीवनमा कति परिवर्तन ल्याए ?

दलित मुक्ति भनेको केही व्यक्तिलाई पदमा पुऱ्याउनु मात्र होइन । दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, उत्पादनका साधन, राजनीतिक प्रतिनिधित्व र मानवीय मर्यादामा वास्तविक परिवर्तन ल्याउनु हो । जन्मका आधारमा मानिसलाई ठूलो र सानो बनाउने सामाजिक चेतनालाई जरैदेखि चुनौती दिनु हो । त्यसैगरी महिला मुक्ति भनेको केही महिलालाई नेतृत्वमा पुऱ्याएर मात्रै पूरा हुँदैन । घरदेखि राज्यसम्म निर्णय गर्ने शक्ति, आर्थिक स्वतन्त्रता, सम्पत्तिमा अधिकार र हिंसामुक्त जीवन सुनिश्चित गर्नुपर्छ । जनजाति, मधेसी, मुस्लिम, थारू र अन्य सीमान्तकृत समुदायको मुक्ति पनि केवल नाम समावेश गर्नु होइन; राज्यका स्रोत, अवसर र निर्णय प्रक्रियामा न्यायपूर्ण हिस्सेदारी स्थापित गर्नु हो । गरिब किसान र श्रमिकको मुक्ति पनि केवल उनीहरूका नाममा भाषण गर्नु होइन । उनीहरूको श्रमको उचित मूल्य, जीवन धान्न सक्ने आम्दानी, उत्पादनका साधनमा पहुँच र शोषणबाट मुक्ति सुनिश्चित गर्नु हो । उत्पीडितको अनुहार देखाएर राजनीति गर्ने होइन, उत्पीडनको आधार भत्काएर इतिहास बदल्ने साहस चाहिएको छ ।

सांस्कृतिक क्रान्ति भनेको मानिसभित्रको अन्यायसँग युद्ध हो

सांस्कृतिक क्रान्ति भन्नाले गीत, भेषभूषा, भाषा वा परम्परा सबै त्याग्नु होइन । आफ्नो संस्कृति जोगाउनु र अन्यायपूर्ण संस्कार बदल्नु फरक कुरा हुन् । मानिसलाई जन्मका आधारमा अछुत ठान्ने संस्कार बदल्नु सांस्कृतिक क्रान्ति हो । महिलालाई पुरुषभन्दा कमजोर र अधीनस्थ ठान्ने सोच बदल्नु सांस्कृतिक क्रान्ति हो । श्रम गर्ने हातलाई हेपेर श्रमको फल कब्जा गर्ने मानसिकता बदल्नु सांस्कृतिक क्रान्ति हो । प्रश्न गर्ने नागरिकलाई शत्रु ठान्ने राजनीतिक प्रवृत्ति बदल्नु सांस्कृतिक क्रान्ति हो । नेता सधैं सही हुन्छ र जनताले सधैं आदेश मान्नुपर्छ भन्ने मानसिकता बदल्नु सांस्कृतिक क्रान्ति हो ।

यो क्रान्ति सडकमा मात्रै हुँदैन । यो हाम्रो घरमा हुन्छ, विद्यालयमा हुन्छ, पार्टी कार्यालयमा हुन्छ, सरकारी कार्यालयमा हुन्छ, खेतमा हुन्छ, कारखानामा हुन्छ र हाम्रो आफ्नै सोचभित्र हुन्छ । हामीले अरूलाई बदल्न खोज्दा आफूभित्रको जातीय अहङ्कार बदल्न तयार हुनुपर्छ । समाजमा समानता खोज्दा आफ्नै घरभित्र समानता स्थापित गर्न तयार हुनुपर्छ । लोकतन्त्रको माग गर्दा फरक विचार सुन्न र आलोचना स्वीकार गर्न तयार हुनुपर्छ ।

किनकि मानिसले पुरानो सत्ता हटाएर पनि पुरानो सत्ताको संस्कार बोकेर हिँडिरह्यो भने क्रान्तिले अनुहार बदल्छ, चरित्र बदल्न सक्दैन ।

अब आन्दोलनलाई जनतासँग फेरि जोड्नुपर्छ

आन्दोलनको सबैभन्दा ठूलो शक्ति उसका भवन, झन्डा, कार्यालय वा नेताको भाषण होइन । त्यसको वास्तविक शक्ति जनताको विश्वास हो । जब किसानले आफ्नो पीडा सुनाउन संगठन खोज्छ र ढोका बन्द भेट्छ, आन्दोलन कमजोर हुन्छ । जब दलित युवाले समानताको कुरा उठाउँदा उसैलाई चुप लगाइन्छ, आन्दोलन कमजोर हुन्छ । जब महिलाको योगदान स्वीकार गरिन्छ तर निर्णयमा स्थान दिइँदैन, आन्दोलन कमजोर हुन्छ । जब श्रमिकको नाममा राजनीति हुन्छ तर श्रमिकको जीवन बदलिँदैन, आन्दोलन कमजोर हुन्छ । जब युवा भविष्य खोज्दै विदेशिन बाध्य हुन्छन् र देशमा उनीहरूको श्रम तथा प्रतिभाका लागि सम्मानजनक अवसर हुँदैन, आन्दोलन कमजोर हुन्छ ।

जनता आन्दोलनबाट टाढिएका होइनन् भन्ने कुरा पनि बुझ्नुपर्छ । धेरै अवस्थामा उनीहरू आन्दोलनका नाममा गरिएका वाचा र व्यवहारबीचको दूरीबाट निराश भएका हुन्छन् । त्यसैले अब जनतालाई फेरि भाषण सुनाउने मात्र होइन, उनीहरूका प्रश्न सुन्ने समय हो । उनीहरूलाई फेरि बलिदान माग्ने मात्र होइन, उनीहरूको जीवनमा परिवर्तनको प्रतिफल पुऱ्याउने समय हो। पुरानो उपलब्धिमा गर्व गर्ने मात्र होइन, ती उपलब्धि किन अधुरा रहे भनेर इमानदारीपूर्वक आत्मसमीक्षा गर्ने समय हो ।

हामीले इतिहासका उपलब्धि मेटाउनु हुँदैन। तर उपलब्धिको नाममा वर्तमानका कमजोरी ढाकछोप पनि गर्नु हुँदैन । क्रान्तिको रक्षा भनेको क्रान्तिको आलोचना रोक्नु होइन; क्रान्तिका अधुरा वाचा पूरा गर्न निरन्तर संघर्ष गर्नु हो ।

अबको क्रान्ति कस्तो हुनुपर्छ ?

अबको क्रान्ति केवल सरकार परिवर्तनमा सीमित हुनु हुँदैन । यसले समाजको आर्थिक संरचना, राजनीतिक संस्कार र सांस्कृतिक चेतनालाई एकसाथ बदल्ने दिशा लिनुपर्छ ।

- आर्थिक रूपान्तरणः श्रमिक, किसान र विपन्न समुदायको जीवनस्तर सुधार्ने, शोषण घटाउने र स्रोत तथा अवसरमा न्यायपूर्ण पहुँच स्थापित गर्ने ।
- सामाजिक रूपान्तरणः जातीय विभेद, छुवाछूत, लैङ्गिक हिंसा र सबै प्रकारका सामाजिक उत्पीडनविरुद्ध प्रभावकारी संघर्ष गर्ने ।
- राजनीतिक रूपान्तरणः नेतृत्वलाई जवाफदेही बनाउने, संगठनभित्र लोकतन्त्र बलियो बनाउने र जनतालाई निर्णय प्रक्रियाको वास्तविक हिस्सेदार बनाउने ।
- सांस्कृतिक रूपान्तरणः वैज्ञानिक चेतना, आलोचनात्मक विवेक, श्रमको सम्मान, समानता र मानवीय मर्यादालाई सामाजिक व्यवहारको आधार बनाउने ।

यो बाटो सजिलो छैन । केवल नारा लगाएर सम्भव पनि छैन । निरन्तर संगठन, शिक्षा, जनचेतना, नीतिगत परिवर्तन, आर्थिक न्याय र सामूहिक संघर्ष आवश्यक छन् । तर यही बाटोले राजनीतिक उपलब्धिलाई जनताको वास्तविक मुक्तिसँग जोड्न सक्छ ।

अन्तिममा, एउटा प्रश्न सबै आन्दोलनकारीको मनमा रहोस् !

हिजो हामीले जुन समाजको सपना देखेर संघर्ष गर्‍यौं, आज हाम्रा सन्तानले पनि त्यही अन्यायविरुद्ध संघर्ष गर्नुपर्ने हो भने हाम्रो परिवर्तन कहाँ पुग्यो ? हिजोका शहीदले कल्पना गरेको समाजमा पनि दलितले आफ्नो मानवता प्रमाणित गर्नुपर्ने, महिलाले समान अधिकार मागिरहनुपर्ने, श्रमिकले आफ्नो श्रमको मूल्य खोज्नुपर्ने र गरिबले अवसरका लागि भौंतारिनुपर्ने हो भने हामीले जितेको परिवर्तनको अर्थ के रह्यो ? हामीले पुरानो सत्ता ढाल्यौं, तर पुरानै संस्कार जोगायौं भने इतिहासले हामीलाई माफ गर्नेछैन । हामीले जनताको नाममा राजनीति गर्‍यौं, तर जनताको जीवन बदल्न सकेनौं भने नाराले मात्र हाम्रो इतिहास उज्यालो बनाउन सक्नेछैन ।

परिवर्तनको अर्थ पुरानो पुस्तालाई गाली गरेर नयाँ पुस्तालाई सत्तामा पुऱ्याउनु मात्र होइन । परिवर्तनको अर्थ नयाँ पुस्ताले पनि पुरानै गल्ती नदोहोऱ्याउनु हो । पुरानालाई विस्थापित गर्नु मात्र होइन, पुरानो अन्यायपूर्ण सोच र व्यवहारलाई विस्थापित गर्नु हो ।

हामीलाई नयाँ अनुहार मात्र होइन, नयाँ चेतना चाहिएको छ । नयाँ पार्टी मात्र होइन, नयाँ राजनीतिक संस्कार चाहिएको छ । नयाँ सरकार मात्र होइन, न्यायपूर्ण समाज चाहिएको छ । नयाँ नारा मात्र होइन, जनताको जीवनमा देखिने नयाँ यथार्थ चाहिएको छ । किनकि इतिहासको अन्तिम प्रश्न सधैं एउटै हुनेछ - सत्ता कसले जित्यो भन्ने होइन, परिवर्तनले बाँकी पृष्ठ ३

च्याउ खेतीले देखाएको आत्मनिर्भरताको बाटो



❐ **काँक्रेविहार संवाददाता**
कञ्चनपुर, १८ कात्तिक

कञ्चनपुरको भीमदत्त नगरपालिका-६ वनगाउँका एकल महिला पार्वती थापा व्यावसायिक च्याउ खेतीबाट आत्मनिर्भर बनेकी छन् ।

विसं २०६९ मा श्रीमान् गुमाएपछि उनले आत्मनिर्भर बन्न च्याउ खेती सुरु गरिन् । सात वर्षअघि सामान्य जानकारीका आधारमा च्याउ खेती सुरु गरेकी थापाले हाल पाँच वटा फार्म सञ्चालन गरी वर्षभरि च्याउ उत्पादन गर्दै आएकी छन् ।

"श्रीमान् बितेपछि केही गर्न पनि अरूसँग पैसा माग्नुपर्ने अवस्था आयो, अरूले पैसा छैन भन्दा नराम्रो लाग्थ्यो," उनले विगत सम्झँदै भनिन्, "अरूलाई पैसा माग्नुभन्दा आफैं केही गरेर आत्मनिर्भर बन्ने सोच आयो ।"

आत्मनिर्भर बन्नका लागि केही न केही गर्नुपर्छ भन्ने हुटहुटी रहेका बेला उहाँलाई आफन्तले च्याउ दिएको सम्झिन्छन् । त्यसपछि च्याउ खेती गरेरै आत्मनिर्भर हुन सकिन्छ कि भनेर यसमा लागेको उनको भनाइ छ ।

"सुरुआतमा बीउ कहाँ पाइन्छ भन्ने पनि थाहा थिएन," उनले भनिन्, "पछि कृषि विज्ञान पढिरहेको छोराले च्याउ खेतीको किताब दियो ।" सुरुआती चरणमा च्याउ खेतीको पर्याप्त ज्ञान नहुँदा समस्या भोग्नु परेको उनको भनाइ छ ।

सुरुमा किताबमा पढेर च्याउ खेती गर्ने प्रयास गरे पनि त्यसबाट अपेक्षित सफलता प्राप्त गर्न नसकेको उनको भनाइ छ । "आफैंले गरे जस्तो किताब पढेर मात्र नहुँदो रहेछ," उनले भनिन्, "सुरुआतमा पाँच वटा पोका च्याउ राखेको थिए कसरी राख्ने भन्ने ज्ञान नहुँदा त्यो सबै खेर गयो ।"

अर्को वर्ष कृषि ज्ञान केन्द्र र च्याउ खेती गरेका अन्य किसानबाट खेती गर्ने तरिका सिकेपछि राम्रो उत्पादन भएको उनले बताइन् । "यहाँ जतिले च्याउ खेती गरेका थिए सबैको फर्ममा हेर्न गए उहाँहरूले पनि मलाई राम्रो सहयोग गर्नुभयो," थापाले भनिन्, "सुरुमा कसरी पराल काट्ने, कसरी राख्ने, कसरी उमाल्ने केही थाहा थिएन ।" च्याउ खेतीबाट आम्दानी हुन थालेपछि हरेक वर्षको नाफा पुनः व्यवसाय विस्तारमा लगानी गर्दै आएको उनको भनाइ छ ।

अहिले च्याउ खेतीमा भएको लगानी कटाएर करिब ५० प्रतिशतसम्म नाफा हुने गरेको उनको भनाइ छ । "च्याउ खेतीबाट घर खर्च दुई वटा छोराको पढाइ खर्च चलेको छ," उनले भनिन्, "अहिलेसम्म आफ्नो पैसा च्याउ खेतीमा लगानी गरेको छैन बिक्रीबाट आएको नाफाबाट थप खेती गर्छु ।"

उहाँका अनुसार वर्षमा एक हजार ५०० केजी च्याउ बिक्री हुने गरेको छ ।

त्यसबाट वार्षिक रु दुई लाखसम्म आम्दानी हुने गरेको उनको भनाइ छ । "मेरो छोरा कृषि विज्ञान अध्ययन गर्दै छ उसले मलाई सहयोग गर्छ," उनले भनिन्, "अहिले हिउँद र वर्षातको समयमा च्याउ फलाउँछु यसबाट म आत्मनिर्भर छु ।"

सुरुआतमा बाँसको टहरा बनाएर च्याउ खेती गर्दा हरेक वर्ष हावाहुरीका कारण छाना उड्ने समस्या भोग्नुपरेको उनले सुनाइन् ।

कृषि ज्ञान केन्द्रबाट च्याउ खेतीसम्बन्धी कार्यक्रम सञ्चालन हुने जानकारी पाएर निवेदन दिएपछि सहयोग प्राप्त भएको उहाँको भनाइ छ । "ज्ञान केन्द्रबाट सहयोग प्राप्त भएपछि च्याउ खेतीलाई व्यवस्थित रूपमा अघि बढाउन सहज भयो," उनले भनिन्, "अहिले सिजनअनुसार कन्ने र मिल्की च्याउ उत्पादन हुन्छ यस वर्षदेखी डल्ले च्याउ पनि उत्पादन गर्ने तयारी गरेकी छु ।"

उनले आफूले अझै धेरै उत्पादन गर्न सक्ने भए पनि बजारमा अन्यत्रबाट आयात भएको च्याउले गर्दा बिक्रीमा समस्या हुने गरेको बताइन् । आगामी दिनमा उत्पादन अझै बढाउने योजना रहे पनि बजारमा च्याउको उचित मूल्य नपाउँदा समस्या हुने गरेको उनको भनाइ छ ।

"धेरै उत्पादन बढाउने सोच थियो यहाँ बाहिरी जिल्लाबाट आउने च्याउ सस्तो हुन्छ हामीले मेहनतले उत्पादन गरेको मूल्य पाइँदैन," थापाले भनिन्, "स्थानीय सरकारले स्थानीय उत्पादनलाई प्रवर्द्धन गरेर सहयोग गर्नुपर्छ ।" उत्पादन बढाउने सम्भावना भए पनि बजार मूल्य सुनिश्चित नहुँदा व्यवसाय विस्तारमा चुनौती रहेको उनको भनाइ छ ।

दाङमा मौलाउँदो व्यावसायिक फूलखेती

❐ **काँक्रेविहार संवाददाता**
दाङ, १८ कात्तिक

दाङमा पछिल्लो समय व्यावसायिक सयपत्री फूलखेतीतर्फ आकर्षण बढेको छ । तिहार तथा शुभ दीपावलीजस्ता सांस्कृतिक चाडपर्वलाई लक्षित गरी यहाँका किसानले सयपत्री फूलखेती गर्न थालेका छन् ।



कलाकारिताक्षेत्रमास्थापित भएका दाङ तुलसीपुरका प्रेम विवश घर्तीले तुलसीपुर उपमहानगरपालिका-१७ स्थित जिनुवागाउँमा अन्य चार जनाको साझेदारीमा सामूहिक रूपमा सयपत्री फूलखेती गरेका छन् । सङ्गीत पेसासँगै कृषि क्षेत्रमा जोडिनका लागि सयपत्रीबाट सुरुवात गरेको उनले बताए । "कलाकारितामा आवद्ध हुँदाहुँदै अब कृषि क्षेत्रमा पनि सक्रिय हुने सोचले सयपत्री फूलखेतीबाट सुरुआत गरेको हुँ", उनले भने ।

उनीहरूले सुगन्धित कृषि समूहमार्फत पाँच कट्ठा क्षेत्रफलमा 'कर्म ५५५' जातको सयपत्री रोपेका छन् । जहाँ करिब दुई हजार ४०० बिरुवा रोपेका छन् । यस खेतीमा मल्चिङ गर्ने, कालो प्लास्टिक बिछ्याउने, विषादी प्रयोग गर्ने, खेत खन्ने र क्यारी बनाउने कार्यसहित झन्डै रु एक लाख लगानी भएको सुगन्धित कृषि समूहका संयोजक सुमन गिरीले बताए ।

पाँच कट्ठाबाट करिब १० क्विन्टलको हाराहारीमा फूल उत्पादन हुने अपेक्षा गरिएको छ । तिहारअघि नै एक क्विन्टलभन्दा बढी फूलको 'अग्रिम अर्डर' आइसकेको उनले बताए ।

स्थानीयस्तरमा उत्पादित फूल स्थानीयस्तरमै खपत हुनुपर्छ भन्ने सन्देश दिने उद्देश्यले यो खेती गरिएको उनको भनाइ छ ।

भूकम्पका तीन वर्ष : टहरामै पीडितको बास

❐ **काँक्रेविहार संवाददाता**
रूकुमपश्चिम, १८ कात्तिक

जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर २०८० कात्तिक १७ गते ६.४ रेक्टर स्केलको भूकम्प गएको तीन वर्ष पुग्यो । यो विनाशकारी भूकम्पबाट १५४ जनाको ज्यान गयो भने करिब ७५ हजार परिवार विस्थापित भए ।

भूकम्पका कारण विद्यालय, स्वास्थ्य भवन, ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पुरातात्त्विक महत्वका सम्पदा र बस्तीसमेत ध्वस्त भए तर पीडित अझै पनि अस्थायी टहरा र चर्किएका घरमा बस्न बाध्य छन् । आठबिसकोट नगरपालिकाका उपप्रमुख धनकुमारी शाहीले अझैसम्म पनि यहाँका बस्ती उठ्न नसकेको बताइन् । उनले भनिन्, "न चिसोमा न्यानो पाउन सके न गर्मीमा छहारी, दयनीय अवस्थामा भूकम्पपीडित बाँचिरहेका छन् ।" भूकम्पले थला परेका बस्ती झन् कमजोर बन्दै गइरहेको उनको भनाइ छ । सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर विष्टले भूकम्पले घरबासविहीन बनाएपछि जसोतसो टहरा बनाएर बसेकालाई नै पहिरोले बगाएको, घरखेत बगाएको बताए । उनले व्यक्तिगत आवाससँगै भूकम्पबाट स्वास्थ्य र शिक्षाका संरचना ध्वस्त भएको तर पुनर्निर्माणमा ढिलाइ भएको बताए । भूकम्पले घरबारविहीन भएकाहरू हालसम्म जस्तापाताको टहरा र कतिपय चर्किएकै घरमा बस्न बाध्य भएको बताउँछन् । आठबिसकोट नगरपालिका-१४ का रमेश मल्लले सरकारले क्षतिको विवरण सङ्कलनमै त्रुटि गरेको गुनासो गरे । उनले सहरमा पक्की घर भएका, गाउँमै अर्को घर भएकाको विवरण पुनर्निर्माणमा समावेश भएको तर घरबासविहीन भएकाहरूको विवरण छुटेको बताए ।

प्रभावित बस्तीमा अझै पनि पुनर्निर्माण सुरु हुन सकेको छैन । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भूकम्पको विस्तृत क्षतिको आकलनको काम पूरा गर्न सकेको छैन । क्षतिको आकलन गरिएको विवरणमा पनि अधिकांश भूकम्पपीडित असन्तुष्ट रहेका छन् । रुकुमपश्चिमका प्रमुख जिल्ला अधिकारी निसानराज गौतमले ७६६ जना लाभग्राहीको आवास निर्माणका लागि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पहिलो किस्ताको रकम माग गरिएको बताए । भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण कार्यविधि, २०८० (संशोधनसहित) बमोजिम सम्झौता गरी आवश्यक कागजात तथा प्रक्रिया पूरा गरेका लाभग्राहीका लागि आवास निर्माणको अनुदान माग गरिएको हो ।

सांस्कृतिक...

जनतालाई के दियो ?

हामीले यही प्रश्नबाट फेरि आफ्नो यात्रा सुरु गर्नुपर्छ । दलितको आँसु पुछ्ने, महिलाको आवाज सुन्ने, श्रमिकको श्रमको सम्मान गर्ने, किसानको जीवन बदल्ने, युवालाई आफ्नै देशमा भविष्य दिने र हरेक मानिसलाई समान मर्यादाका साथ बाँच्न सक्ने समाज निर्माण गर्ने संकल्पसहित ।

याद रहोस् - राजनीतिक क्रान्तिले सत्ताको ढोका खोल्छ, तर सांस्कृतिक क्रान्तिले समाजको चेतना बदल्छ ।

आर्थिक न्यायबिनाको समानता खोक्रो हुन्छ, सामाजिक मुक्तिबिनाको लोकतन्त्र अधुरो हुन्छ र जनताको जीवन नबदल्ने क्रान्ति आफ्नै नाराको बन्दी बन्छ । पुरानो रक्सीलाई नयाँ बोतलमा हालेर क्रान्तिको उत्सव मनाउने होइन; अन्यायको नशा उतारेर नयाँ समाज निर्माण गर्ने समय आएको छ । अब प्रश्न सत्ता कसले चलाउँछ भन्ने मात्र होइन - समाज कसका लागि बदलिन्छ भन्ने हो !

जनहितमा जारी सन्देश

चिसो मौसममा विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू बढी प्रभावित हुन सक्ने भएकाले आफ्नो स्वास्थ्य र सुरक्षामा विशेष ध्यान दिनुहुन अनुरोध छ ।

चिसोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू :

१. न्यानो तथा बाक्लो कपडा लगाउने र शरीरलाई न्यानो राख्ने ।
२. बिहान-बेलुका अनावश्यक रूपमा घरबाहिर ननिस्कने ।
३. बालबालिका तथा ज्येष्ठ नागरिकलाई चिसोबाट विशेष सुरक्षा गर्ने ।
४. तातो तथा पोषिलो खानेकुरा र झोलिलो पदार्थ पर्याप्त सेवन गर्ने ।
५. चिसोबाट बच्न आगो ताप्दा हावा आवतजावत हुने व्यवस्था मिलाउने । बन्द कोठामा आगो नबाल्ने ।
६. तातो पानीले हातखुट्टा धुने तथा व्यक्तिगत सरसफाइमा ध्यान दिने ।
७. चिसोका कारण स्वास्थ्य समस्या देखिएमा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
८. विपन्न, असहाय तथा जोखिममा रहेका व्यक्तिहरूको सहयोग र संरक्षणमा ध्यान दिने ।

चिसोबाट आफू पनि बचौं, परिवार र समुदायलाई पनि सुरक्षित राखौं ।

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर दर्दैन त्यो ।
इन्द्रै चिन्त गरून् ध्रुकेर पदमा त्यो चिन्त मान्दैन त्यो ।।

हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं १९८८/७/१४

स्वर्गारोहण :
२०८३ १०७ १०७

स्व. मायादेवी कुँवर

नेपाल मिडिया सोसाइटीका सचिव श्री नवराज कुँबरज्यूकी आमाको ९४ वर्षको उमेरमा गत कात्तिक ७ गते भएको दुःखद निधनप्रति नेपाल मिडिया सोसाइटी गाहिरो दुःख व्यक्त गर्दछ ।

स्वर्गीय आमाको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त सचिव नवराज कुबरज्यूसहित सम्पूर्ण परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

यस दुःखद घडीमा शोकलाई धैर्यपूर्वक सहन गर्ने शक्ति परिवारजनमा प्राप्त होस् भन्ने कामना गर्दछौं ।

दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली !

नेपाल मिडिया सोसाइटी
काठमाडौं

कारागारबाट भागेका आठमध्ये चार कैदी पक्राउ



❐ **काँक्रेविहार संवाददाता**

डोल्पा, १८ कात्तिक

जिल्ला कारागार कार्यालय डोल्पाबाट फरार भएका चार जना कैदीलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले बुधवार त्रिपुरासुन्दरी नगरपालिका-४ डोल्पास्थित रङ गाउँमा कमला बुढाको घरमा लुकीछिपी बसेको अवस्थामा सोही नगरपालिका-७ घर भएका जबर्जस्ती करणीसम्बन्धी कसुरमा आठ वर्ष कैद सजाय तोकिएका २९ वर्षीय कालीप्रसाद रोकाय र नलगाड नगरपालिका-९ जाजरकोट घर भई नकबजनी चोरीसम्बन्धी कसुरमा तीन वर्ष कैद सजाय तोकिएका १९ वर्षीय कैलाश भन्ने कपिल परियारलाई पक्राउ गरेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिए।

उनका अनुसार मङ्गलबार आठबिसकोट नगरपालिका १० रुकुमपश्चिम घर भएका जबर्जस्ती करणी मुद्दाका कैदी ३२ वर्षीय रामबहादुर विक र सल्यानको कुमाख गाउँपालिका-५ सल्यान घर भएका जबर्जस्ती करणी मुद्दाका कैदी २८ वर्षीय रेशम राना पक्राउ परेका थिए।

चेकजाँचको क्रममा भान्न खोज्न उनीहरुलाई प्रहरीले पक्राउ गरेको प्रवक्ता राठौरले बताए।

यही कात्तिक १४ गते शुक्रबार बिहान ६:०० बजे डोल्पा जिल्ला कारागारबाट सुरुङ खनेर आठ जना कैदीबन्दी भागेका थिए। भागेका अन्य कैदीबन्दीको खोजी कार्य भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

विवाद...

सरकारी कर्मचारीबाट नियमित सञ्चालन, मर्मतसम्भार र व्यवस्थापनको काम प्रभावकारी रुपमा गर्न कठिन हुन सक्ने उनको भनाइ छ।

निजी क्षेत्रले व्यवस्थापनको जिम्मा पाएमा ठूला सम्मेलनसँगै साना कार्यक्रम, भिडियो छायांकनलगायत गतिविधि पनि सञ्चालन गर्न सकिने र यसबाट नगरपालिकाको मर्मतसम्भार खर्च घट्नुका साथै आम्दानीसमेत हुन सक्ने उनको धारणा छ।

लामो समयदेखि ठेक्का विवाद र कानुनी प्रक्रियाका कारण अल्झिएको सिटी हलको बाँकी काम अघि बढेसँगै अब सञ्चालनको तयारीले गति लिने अपेक्षा गरिएको छ।

दोस्रो चरणमा बाँकी रहेका काम चालु आर्थिक वर्षको अन्तिमसम्म पुर्ण रुपमा सकिएपछि मात्रै सिटी हललाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याउन सकिने छ।

झोलुङ्गे पुल उद्घाटन, स्थानीयलाई आवतजावतमा सहज



❐ **काँक्रेविहार संवाददाता**

जाजरकाट, १८ कात्तिक

जाजरकोटको छेडागाड नगरपालिका-१ र शिवालय गाउँपालिका-९ जोड्ने झोलुङ्गे पुल उद्घाटन गरिएको छ। मंगलबार एक कार्यक्रमकाबीच प्रतिनिधि सभा सदस्य खडकबहादुर बुढाले साझेखेतस्थित उक्त पुलको उद्घाटन गरेका हुन्।

८३ मिटर लामो उक्त पुल पूर्वाधार विकास कार्यालय जाजरकोटमार्फत निर्माण गरिएको हो। पुल निर्माणका लागि ५४ लाख ८१ हजार ८ सय २४ रुपैयाँ लागत अनुमान गरिएकोमा निर्माण सम्पन्न हुँदा ५२ लाख १ सय ४७ रुपैयाँ खर्च भएको जनाइएको छ।

पुल उद्घाटन गर्दै सांसद बुढाले पुल निर्माण भएपछि छेडागाड नगरपालिका-१ र शिवालय गाउँपालिका-९ का स्थानीयवासीलाई आवतजावतमा सहज हुने बताए। विशेषगरी विद्यार्थी तथा सर्वसाधारण नागरिकलाई खोला वारपार गर्न सहज हुने उनको भनाइ छ।

यसअघि पुल नहुँदा स्थानीयवासीले खोला वारपार गर्न निकै सास्ती भोग्दै आएका थिए। विशेषगरी वर्षायाममा खोला तर्न जोखिम मोल्नुपर्ने बाध्यता रहेको थियो।

यस्तै, पूर्वाधार विकास कार्यालय जाजरकोटका प्रमुख नवीन आचार्यले पुल निर्माण हुनु मात्रै ठूलो कुरा नभई यसको दिगोपनाका लागि नियमित मर्मतसम्भारमा समेत ध्यान दिनुपर्ने बताए। पुलको संरक्षण र मर्मतसम्भारमा सम्बन्धित पक्षले जिम्मेवारी लिनुपर्ने उनको भनाइ छ।

कर्णालीको विकासमा बाधक कानुनी र नीतिगत समस्या फुकाउन पहल गरिने

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १८ कात्तिक

कर्णाली प्रदेशको विकासमा देखिएका समस्या समाधानका लागि राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने निर्णय गरिएको छ।

मुख्यमन्त्री मङ्गलबहादुर शाहीको अध्यक्षतामा मङ्गलबार सुर्खेत वीरेन्द्रनगरमा बसेको कर्णाली प्रदेश विकास समस्या समाधान समितिको बैठकले 'कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका २०७५' अनुसार प्रस्ताव पेस गरिने छ।

प्रदेश विकास समस्या समाधान उपसमितिबाट पेस भएका कर्णाली प्रदेश विषयगत मन्त्रालयको



मन्त्रालयगत विकाससँग सम्बन्धित समस्या समाधान गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेस गर्ने निर्णय गरेको हो।

त्यसमा वन क्षेत्रमा आयोजना निर्माण गर्दा स्वीकृति लिने प्रक्रियालाई पूर्णरुपमा सरल र सहज बनाइनुपर्ने र निश्चित क्षेत्रफल वा सीमासम्मका सार्वजनिक विकास निर्माणका कार्यको लागि वनको स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्थाका लागि सङ्घीय सरकारसँग अनुरोध गर्ने निर्णय गरिएको छ।

कर्णाली कोरिडोरको मर्मत तथा स्तरोन्नति गरी जोखिम न्यूनीकरणका निम्ति सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। वैकल्पिक मार्ग, कृषि उपज संकलन तथा चिस्यान केन्द्रलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्नुपर्नेछ।

सङ्घीय वन ऐनलगायत वन क्षेत्रको जग्गा, भोगाधिकार प्राप्ति तथा रुख कटानसम्बन्धी कार्यमा सहज हुने गरी प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन हुने गरी सङ्घीय वन ऐन संशोधन गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने निर्णय भएको छ।

राहदानी हराएको सूचना !

मिति २०८३ कात्तिक ८ गते सुर्खेतदेखि काठमाडौं जाँदै गर्दा निम्न विवरण भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल

नाम : झंकर सिंह थापा
राहदानी नं. PA 2308262
ठेगाना : चौकुने गाउँपालिका-५, मायाताल, सुर्खेत
सम्पर्क नं. ९८६८६२०६०४

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं।

कार्यालय प्रमुख	चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं.	सूचना अधिकारी
९८५८०५२६६६	९८५८०५३४२२	९८५८०७३६६६

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वीरेन्द्रनगर डेन्टल केयर होम

वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→

विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा

१. **पूर्ण दन्त परीक्षण:** मुख र दाँतको विस्तृत जाँच।
२. **दाँत सफाई:** अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. **दाँत भर्ने र जरादेखि उपचार (RCT):** किराले खाएको दाँतको सुरक्षित उपचार।
४. **दाँत रोप्ने (Dental Implant):** हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. **दाँत बाँध्ने (Braces):** टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. **नक्कली दाँत राख्ने (Crown/Bridge/Denture):** हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. **दाँत निकाल्ने:** सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. **लेजर र कस्मेटिक उपचार:** आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. **बाल दन्त चिकित्सा:** बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।

तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।

आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा

सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५

सम्पूर्ण छपाईका काम एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका
आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)